# म, मधेश, मेरो साथी मनोज र राष्ट्रियता

हेम राज शर्मा

मेरो सम्पूर्ण बाल्यकाल पहाडी जिल्ला बाग्लुङमा बित्यो । बाग्लुङबाट हाईस्कुल सकिएपछि क्याम्पस पढ्न सिधै काठमाडौ लाँगे । त्यसैले मधेशको जनजीवनको अनूभूति गर्न पाईएन । बाल्यकालमा मधेश मुलको मानिससँग भेट भएको पनि मलाई त्यति याद छैन । कतिपय पहाडका विद्यालयमा अंग्रेजी, गणित, विज्ञान पढाउने शिक्षक मधेश मुलका हुने गरे पनि मेरो विधालयमा कोही मधेशी थिएनन । आठ कक्षामा पढ्दा मात्र मधेश देख्ने अवसर मिल्यो । अनन्तसम्म फैलिएका तराईका फाँटहरु पहिलो पटक देख्दा म अचम्मित भएको थिएँ । डाँडाकाँडा र पहाड बिनाको पनि धर्ती हुँदो रहेछ, पानी पहाडबाट कल्लकाउँदो मात्र रहेनछ, धर्तीबाट फुटेर पनि निस्कदो रहेछ भन्ने परिरह्यो ।

आईएसी पढ्दा एक दुईजना मात्र मधेशी साथीहरु भए पनि एमएस्सीमा भने बाक्लै थिए । म मधेशसँग जती अनविज्ञ थिएँ, उनीहरु पहाडसँग त्यती नै अनविज्ञ थिए । शैक्षिक भ्रमणको क्रममा पोखरा, तानसेन, लुम्बिनी हुदैं काठमाडौं फर्किने योजना बन्यो । पोखरा हुँदै तानसेन पुग्दा थुप्रै चट्टाने भिरहरु काट्नु पर्छ जुन कुरा मेरा लागि खासै नौला थिएनन । ती भिरहरुबाट बस हुँईकिदा सडकबाट देखिने अत्यास लाग्दो भिरले मधेशी साथीहरुको होसहवास गुम्थ्यो । डरले आखाँ चिम्लेर मुन्टो लुकाउथे। तानसेनको श्रीनगर डाँडाबाट एकापट्टी देखिने तराईका फाँटहरु र अर्को पट्टी देखिने पहाडका श्रृखला नियाल्दै मधेशी साथीहरुले सोध्थे ‘तिमीहरुले धान कहाँ फलाउछौ हँ, धान नभएपछि खाना के खान्छौ ? आखिर तराईको समथर मात्रै देखेकाहरुले पहाडै पहाडमा यस्ता प्रश्न गर्नु स्वाभाविक नै थियो ।

हामीहरुबीच भौगोलिक रुपमा यती धेरै भिन्नता हुँदा पनि हामी नजिकका साथी थियौ । सँगै उठबास गर्दा, एउटै थालमा खाँदा, पढ्दा, सिनेमा हेर्दा तँ मधेशको म पहाडको भन्ने कहिल्यै महसुस भएन । समय अगाडी बढ्दै गयो । एमएस्सी सकाएर म विदेशतिर लागे । कोही साथीहरु आफ्नो गाउँ पहाड लागे, कोही मधेश फर्के, त कोही काठमाडौ मै बस्ने निधो गरे । एमएस्सीपछि कलेजका ती साथीहरुसंगको संगत, सम्पर्क पातलो हुँदै गयो र लगभग सबै गायब जस्तै भईयो । अहिले फेरि सामाजिक सञ्जालको माध्यमबाट ती साथीहरुसँग सम्पर्क पुनस्थापना हुँदै गएको छ । तर मैले एमएस्सीमा छाडेका ती साथीहरु अहिले विचार र परिस्थितिका कारण होला धेरै फरक भएको अनुभूती गर्दैछु । नेपालको पछिल्लो चरणको राजनीतिले मलाई पहाडे बनाई दिएको छ भने मेरा ती साथीहरुलाई मधेशी बनाई दिएको छ । लाग्दैछ, त्यती बेलाको जयराम अब जयराम रहेनन्,

त्यति बेलाको मनोज पनि अब मनोज रहेनछन् । राष्ट्रिय राजनीति हराउँदै गएर शुरु भएको जातिय, क्षेत्रिय, वर्गिय र मधेशी पहाडी राजनीतिले भनौ वा परिस्थिति र दुसित बन्दै गएको राजनीतिले सबैलाई बदलिदिएछ । विश्व अनेकताबाट एकतामा जोडिदै गर्दा हामी एकताबाट विस्तारै अनेकतामा विभक्त हुन पुगेछौं ।

समय भनौ वा कर्म म जर्मन सरकारको पैसामा विद्यावारिधी सकाएर छोराछोरीको भविष्यका लागि भन्दै बेलायततिर थन्किएको छु । मेरो साथी मनोज घरखेत बेचेर भारतमा विद्यावारिधी सकाएर देश मै केही गरौ भनेर फर्केका छन, तर विडम्वना म पहाडे भएर छाती फुलाएर राष्ट्रबादी ठहरिएको छु, तर मेरो साथी मनोजको राष्ट्रियता भने यादब भएकै कारण कसीमा राखिएको छ । जर्मन सरकारको पैसाले गरेको मेरो विधावारिधी र बेलायत सरकारको दानापाना खाएको मलाई कसैले बेलायतपरस्त, जर्मनपरस्त भन्दैनन् तर मेरो साथी मनोजले आफ्नो सम्पति बेचेर भारत पढेकै कारणले भारतपरस्तको पगरी पाएका छन ।

मेरा पहाडे नेताहरु लाम लगाएर लैनचौरमा एउटा सहसचिवस्तरको कर्मचारीलाई भेट्न तँछाडमछाड गर्दा मैले जवाफ दिनु पर्दैन, तर मधेशी नेताहरु लालु प्रसाद यादवको प्राङ्गणमा देखिदा मेरो साथीलाई प्रश्न गरिन्छ । सिके राउतले देश फुटाउँछु भन्दा मेरो साथीले शिर निहुराउनु पर्छ । मेरा पहाडे नेताले अकुत सम्पत्ति कमाएर छोरा छोरीलाई अमेरिका र यूरोपमा पढाउँदा प्रश्न गरिदैन । तर मेरो साथीको भतिज छात्रवृत्तिमा भारत पढ्न जाँदा दलालीको आरोप खेप्नु पर्दछ । म कुनै दल विशेषको बिचारसँग सहमत भएकै कारणले राष्ट्रवादी ठहरिएको छु तर मेरो जस्तै बिचार बोक्ने मेरो साथीलाई यति योग्यताले राष्ट्रबादी बनाउँदैन, किनकि उ मधेश ी हो ।

मेरो पहिरनमा कुनै नेपाली पहिचान छैन र चाहिँदैन पनि किनकी म पहाडे हुँ र बेलायती पहिरनमा ठाट्टिन्छु तर मेरो राष्ट्रियतामा कसैले प्रश्न गर्दैन, तर तराईको मौलिक धोतीमा सजिदा मेरो साथीको राष्ट्रियतमा प्रश्न गरिन्छ र भनिन्छ पारीको सिको गरेको । मेरा पहाडे नेताले अँग्रेजी टाई लगाएर देशको संविधानलाई साक्षी राखी शपथ खाँदा राष्ट्रियताको प्रश्न उठाईदैन तर मेरो मधेशी साथीले ढाकाको टोपी लगाउँदा भनिन्छ नयाँ जोगीले खरानी धेरै घस्छ ।

मेरो साथीले सामाजिक सञ्जालमा दिएका अभिव्यक्तिबाट म घोरिन्छु – उसले आफ्नो राष्ट्रियता प्रमाणित गर्नु पर्ने के हो? आफैले आफैलाई प्रश्न गर्दछु। आखिर मसंग उत्तर हुँदैन । मधेशी नेताहरु र सिके राउतले गरेका गल्तीको भागी उसलाई किन बनाईन्छ ? पहाडे नेताहरुको दोषको भागी किन म हुनु पर्दैन ? आखिर मुलुकको शासन सत्तामा कसले कति दोहोलो काडे होलान

त्यसको कुनै लेखाजोखा हुनु पर्दैन र ? दोश्रो जनआन्दोलनपछि आफ्नो राजनीतिक अभिष्ट पुरा गर्न सबै दल मिलेर बर्गेल्ती गैरनेपालीलाई नागरिकता बाँडेको शिकार किन मेरो साथी मात्र हुनुपर्ने ? भारतले नाकाबन्दी गर्दा, दशगजामा मधेशी नेताको गतिविधीले नेपाली जनताले दुख पाउँदा मेरो साथीलाई मात्र किन आखाँ तर्ने ?

फरक रङ्ग र वर्णको व्यथा मैले अहिले भोग्दै छु । म यतिखेर बेलायतको प्रख्यात यूनिभर्सिटीमा प्राध्यापक जस्तो सम्मानित पेशामा छु । बेलायती र संसारभरका विद्यार्थीलाई विद्यावारिधी गराउँछु । गोराहरुलाई पढाउँदा म रमाउँछु । जब म विश्वविधालयको प्राङगण बाहिर आउँछु मेरो पहिचान केवल एउटा एसिएन गहुँगोरो वर्णको मान्छेमा सिमित भएको महसुस हुन्छ । बहुसंस्कृतिको सम्मान गर्ने बेलायतको सडकमा हिड्दा मैले कुनै संकोच मान्नु नपर्ने हो मलाई त्यो छुट पनि छ तर पनि मेरो वर्णले बेलाबेलामा आफूलाई झक्झकाउँछ । कथमकदाचित आफूलाई ठेस लाग्ने कुनै घटना भए भने पनि वास्ता गर्दिन किनभने यो मेरो देश होईन । तर म संझिन्छु आफ्नै देशका गल्लीमा हिड्दै गर्दा 'मनु मखु मर्स्या खस' जस्ता शब्दहरु सुन्दा मेरो साथीको मनमा के हुन्थ्यो होला । काठमाडौको सडकमा फलफूल र तरकारी बेचेर श्रमजिवी गर्ने मेरो साथीको छिमेकी बृखलाललाई आफ्नै अगाडि काठमाडौका भलाद्मी भनाउदाहरुले गरेको अपमानबाट उसले कस्तो महसुस गर्थ्यो होला ? तर पनि मेरो साथीले कहिल्यै पनि हार खाएन । पहिचान र आत्मसम्मानको लागि कुर्ली रह्यौ । तर अहिले उ आफ्नो दुनो सोझ्याउन मधेशको नाममा भारतसँगको सहयोगमा राजनीति गर्ने मधेशी नेताहरु र राष्ट्रियताको नाममा चिनको भर पर्ने पहाडे नेताको बिचमा मिचिएर थिलथिलो भएको छ ।

राजनीतिमा देखिने हठले देशलाई बर्बादी गराएको हामीले बिर्सी सकेका छैनौ । २०४६ सालपछि काँग्रेसले देखाएको हठले देशलाई १० वर्षको जनयुद्दमा धकेल्यौ । यसले काँग्रेसलाई मात्र होईन, देशलाई कती घाटा पुर्यायो लेखा जोखा गरी साध्य छैन । ज्ञानेन्द्रको हठले उनी मात्रै होईन, राजसँस्था नै समाप्त हुनपुग्यो । आफ्नै हठले माओबादी दश टुक्रा भयो, अहिले उसको अस्थित्व खतरामा छ । अहिलेको राज्यसत्ताले लिएको हठ पहिलेका राजनीतिक हठ भन्दा कयौ गुणा खतरा राष्ट्रियतासँग जोडिएको प्रश्न हो । यस्तो हठले दलहरु मात्रै होईन हामी सबैको बर्बादी निम्त्याउन सक्छ । अनी कालु र वाघको कथामा जस्तो वाघ आयो वाघ आयो भनेर सधै झुक्याउने सोझा गाउँलेले साँच्चीकै वाघले बाख्रा खाँदा कालुलाई साथ नदिएको स्थिति आउन सक्छ।

राजनीतिक स्वार्थको लागी राष्ट्रवाद, मधेशवाद, जातीवाद, समाजवाद, साम्यवाद, यो वाद उ वादका नाममा गरिवी, अशिक्षा र पिछडापनको फाईदा उठाएर झुट, गुट र फुटको राजनीति गर्ने

मधेशी, पहाडे वा कुनै जाती विशेषका नेताका दिनहरु अब धेरै दिन बाँकी छैनन । किनभने सचेत नागरिकको संख्या दिनानुदिन बढ्दो छ र जनतालाई विभाजन गरेर राजनीतिक स्वार्थ पुर्ति गर्नेहरु अबको राजनीतिक मियो बन्न सक्दैनन । संधै राजनीतिका नाममा जनतालाई फुटाएर राज गर्ने नेतृत्व पक्तिको मनस्थिति नबदिलिएसम्म यस्तै अवस्थाको शिकार नेपाली जनता भैरहने छन । त्यतिवेलासम्म विश्वास छ मेरो साथी मनोजको धैर्यको बाँध फुट्ने छैन ।

(लेखक गैरआवासीय नेपाली संघका सल्लाहकार तथा पुर्व प्रवक्ता हुन)

